# खानेपानी सुरक्षा योजना (खा.पा.सु.यो.+++) ले पानीको गुणस्तर, मात्रा, र बहुउपयोगको माध्यमबाट खानेपानीको सुरक्षा सुनिश्चित गर्दछ ।

## पानी सुरक्षा योजना (WSP+++) अवधारणा

खानेपानी सुरक्षा योजना (WSP+++)ले वर्तमान र भविश्यमा सुरक्षित खानेपानीको बिश्वसनीय सेवाको लागि पानीको गुणस्तर र परिमाणलाई संयुक्त रुपमा समेटदछ । यसले सरसफाइ तथा स्वच्छता व्यवस्थापनमा योगदान गर्नुकासाथै पानीको बहुउपयोगको माध्यमबाट जीविकोपार्जन प्रबर्द्धनमा समेत सहयोग गर्दछ ।

खानेपानी सुरक्षा योजनाले खानेपानी तथा सरसफाइ योजनाको दिगो सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन र मर्मत सम्भार कोष व्यवस्थापनलाई समेट्दछ । यसले प्राकृतिक तथा मानव निर्मित जोखिमहरुलाई सम्बोधन गर्दछ । योजनाको नियमित सञ्चालन तथा मर्मत सम्भार खर्च तथा मर्मत सम्भार कार्यकर्ताको पारिश्रमिकको लागि कोषको आवश्यकता पर्दछ । योजनाको दिगोपना सुनिश्चितताको लागि उपभोक्ताहरुको प्रतिबद्धता आवश्यक हुन्छ ।

## खानेपानी सुरक्षा योजनाका खुट्किलाहरु

### खुट्किला १ टोली गठन

उपभोक्ताहरुको आम भेलाबाट ५ सदस्यीय खानेपानी सुरक्षा टोली गठन गरिन्छ, जसमा कम्तिमा २ जना महिला हुनुपर्दछ । यस टोलीमा सम्बन्धित योजनाको खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको अध्यक्ष र मर्मत सम्भार कार्यकर्ता पदेन सदयहरु रहन्छन भने बाँकी सदस्यहरु कृषि, शिक्षा र स्वास्थ्य क्षेत्र समेटिने गरी उपभोक्ताहरु मध्येबाट चुनिन्छन् । सम्भव भएसम्म जलवायु परिवर्तनका पक्षहरुको बारेमा जानकारी भएको सदस्यहरु भए, राम्रो हुन्छ । खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको अध्यक्ष खानेपानी सुरक्षा टोलीको संयोजक रहन्छन् ।

### खुट्किला २ खानेपानी प्रणाली तथा सेवा विश्लेषण

खानेपानी सुरक्षा टोलीले मुहान तथा सेवाक्षेत्र सहितको खानेपानी प्रणालीको नक्साङ्कन गर्दछ । यस्तो नक्साङ्कनले निम्न बिषयवस्तुहरुलाई समेट्दछ ।

- पानीको स्रोत र यसको तत्कालीक वातावरण: मुहानमा पानीको क्षमता (बहाव), मौसमी परिवर्तनहरु, पानीको पुनर्भरण क्षेत्रहरु र भल जान सक्ने सम्भावित स्थानहरु तथा यसको प्रभाव जस्तै: भूस्खलन तथा बाढीले क्षतिग्रस्त स्थानहरु ।
- योजनाका संरचनाहरु र तिनीहरुको उद्देश्य: पानी कसरी भण्डारण तथा वितरण गरिन्छ ? के पानी शुद्धिकरण गरिएको छ ?
- जमिनको प्रयोग र स्तर खस्किने संकेतहरु (जस्तै: भूस्खलन्, वन फडानी, सडक निर्माण, चरन क्षेत्र, भूक्षय, आदि) । के खेतबारी सुख्खाबाट प्रभावित भएको छ ?
- पानीको वास्तविक सुविधास्तर: के सबै उपभोक्ताहरुले पर्याप्त रुपमा गुणस्तरीय पानी प्रयोग गर्न पाईरहेका छन ? पशुपालन, घरवारी जस्ता बहुउपयोगको लागि पानी पर्याप्त रहेको छ ? के पेशाकर्मी किसानहरुबाट पानीको विशेष माग छ ?
- सरसफाइ तथा स्वच्छता व्यवस्थापन: के सबै उपभोक्ताहरुको घरमा शौचालय छ ? के शौचालय सबैले प्रयोग गर्ने गरेका छन् ? के हात धुने सम्भावना तथा अभ्यास रहेको छ ? घरभित्र पानी कसरी भण्डारण गरिन्छ ?






खानेपानीको आपुर्ति र सुविधास्तर विश्लेषण गर्दै मुहान तथा सेवाक्षेत्र सहितको खानेपानी प्रणालीको नक्सांकन गर्न खानेपानी सुरक्षा टोलीले मिलेर काम गर्दछ ।

### खुट्किला ३ जोखिम पहिचान तथा नियन्त्रणका उपायहरु

खुड्किला २ मा पत्ता लागेका बिषयहरुलाई प्रमाणित गर्न खानेपानी सुरक्षा टोलीले योजनाको मुहान देखि धारासम्म सबै संरचनाहरुको अवलोकन गर्दछ । यस क्रममा टोलीका सदस्यहरुले खानेपानी सेवाको विश्वसनीयतामा वातावरणीय तथा मानव निर्मित जोखिमहरु समेत हेर्ने गर्दछन । अन्तमा उनीहरु जेखिम नियन्त्रणका उपायहरुको लागि विभिन्न बिकल्पहरुको बारेमा छलफल गर्दछन् ।

**मार्गनिर्देशक प्रश्नावलीहरु**

- मुहानमा पानीको गुणस्तर कस्तो छ (जैविक प्रदुषण, धमिलोपना, स्वाद, गन्ध) ?
- मुहानमा पानीको क्षमता (बहाव) कस्तो छ ? पछिल्ला केहि वर्ष यता बहावमा कमी वा बढि भएको छ कि ? कसैले पानीको बहावमा आएको परिवर्तनको मापन तथो अभिलेख राख्ने गरिएको छ ?
- के योजनाका सबै संरचनाहरु राम्रो अवस्थामा भई राम्ररी काम गरिरहेका छन ?
- कुनै पनि पाइप बाहिर देखिएको छ ? पानीको चुहावट, पाईप फाट्ने जस्ता समस्याहरु दोहोर्‍याई दोहोर्‍याई आईरहन्छन् कि ?
- के योजना (स्रोत, पाइपलाईन, पानी टयांकी वा ट्यांकीको कभर, धारा आदि) मा पानी प्रदुषण हुने सम्भानाहरु रहेका छ ?
- के योजना क्षेत्रमा अत्याधिक मौसमको कारणबाट बाढी, पहिरो जस्ता जोखिमको सम्भावना रहेको छ ?
- के कुनै संरचनाहरू बाढी, सडक निर्माण, पहिरो, वा भुक्षय जस्ता घटनाहरूबाट खतरामा छन् ? के खडेरीबाट योजनाको स्रोत घट्ने जोखिम छ ?
- के त्यहाँ मुहान तथा सेवाक्षेत्रको जमीनको स्तर खस्किने संकेतहरु देखिएका छन ? स्तर खस्किदै गएको भिरालो जमिनमा पानी कम रहन्छ र जसले गर्दा जमिनमुनी र मुहानको पानी पुनर्भरण हुन सक्दैन ।
- घरहरूमा पानी कसरी भण्डारण गरिन्छ ? के त्यहाँ हातधुनको लागि, घरबारीमा सिँचाई गर्नको लागि र गाइबस्तुलाई पानी खुवाउनको लागि पर्याप्त पानी छ ?
- के सबै उपभोक्ताहरुसंग शौचालय छ ? के सबै शौचालयहरु सबैले राम्ररी प्रयोग गर्दछन् ?
- के त्यहाँ खेतीपाती वा अन्य गतिविधिहरूबाट पानीको मागमा कुनै उल्लेखनीय वृद्धि भएको छ ?
- त्यहाँ बहुउपयोगी योजनाको लागी पानी पर्याप्त छ ? कुन संरचनाहरू प्रयोग गर्न सकिन्छ



खानेपानी सुरक्षा टोलीले मुहान तथा सेवाक्षेत्रको अनुगमन गर्दछ

### खुट्किला ४ कार्यान्वयन

**निम्नानुसारका कृयाकलापहरुलाई समेटेर खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले खानेपानी सुरक्षा योजना (WSP+++) को कार्यान्वयन गर्दछ ।**

- अघिल्लो चरणहरुमा पहिचान भए अनुसार तत्काल गर्नु पर्ने सुधारका कार्यहरू ।
- नियमित कृयाकलापहरु जसलाई बाह्य सहयोग आवश्यक पर्दैन (सञ्चालन तथा मर्मत सम्भार योजनाको अंश) । यसमा मर्मत र जगेडा सामग्रीको खरीद समावेश छ ।
- पानी महसुल तथा सार्वजनिक परिक्षण सहितको अभिलेखीकरण । पानी महसुल निर्धारण गरिएको हुनुपर्दछ । एउटा सन्तुष्ट उपभोक्ता पानी महसुल तिर्न तब खुशी हुन्छ, जब उसले निरन्तर खानेपानी सेवाको प्रत्याभुति गर्दछ ।
- पानीको गुणस्तर परिक्षण र अभिलेखिकरण । आवश्यकता (पुनरभरण सम्बन्धी संरचनाहरु, सुधारिएको इन्टेक, स्रोतहरु थप्न आदि) पहिचान गर्न, पानीको अभाव भएको ठाउँहरुमा पानीको क्षमता (बहाव) मासिक रुपमा मापन गरी अभिलेख राख्नु पर्दछ ।
- स्तरोन्नतीका मुख्य कामहरुको लागि योजना तर्जुमा ।




P/A भाईलले जीवाणुहरूको उपस्थिति/अनुपस्थितिलाई संकेत गर्दछ



सबै संरचनाहरूलाई नियमित मर्मत आवश्यक हुन्छ

### खुट्किला ५ प्रतिवेदन, समिक्षा र संशोधन

खानेपानी सुरक्षा योजना टोलीले नियन्त्रणका उपायहरुको नियमित अनुगमन, अवस्थाको समिक्षा र अध्यावधिको लागि योजना तयार पार्दछ । उनीहरूले पानी महसुल संकलन, स्रोत मापन र पानीको गुणस्तर नतिजा समीक्षा गर्नुका साथै उपभोक्ताहरूको पृष्टपोषणको सुनुवाई गर्दछन् । त्यसपछि उनीहरुले खानेपानी सुरक्षा योजना र सञ्चालन तथा मर्मत सम्भार योजनामा आवश्यक सुधारको लागि योजना गर्दछन् ।

## मुख देखि मुहान सम्म पानी सुरक्षा

### पानीको गुणस्तर सुनिश्चित गर्ने उपायहरु

- ➤ मुहान क्षेत्र खुला दिसामुक्त, फोहोर र अन्य दूषित पदार्थहरूबाट मुक्त भएको सुनिश्चित गर्ने ।
- ➤ इन्टेक र पानी ट्यांकीहरुलाई घेरबार, ग्याबीन पर्खालहरू र चेक-ड्यामको साथ सुरक्षित गर्ने ।
- ➤ सबै पाइपहरू कम्तिमा ९० सेमी गहिराइमा गाड्ने ।
- ➤ पानीभराव र प्रदूषण रोक्नको लागि संरचनाहरू (इन्टेक, कलेक्शन चेम्बर, डिस्ट्रीब्यूशन चेम्बर र पानी ट्यांकी) वरिपरि पानी निकास व्यवस्थापन गर्ने ।
- ➤ संरचनाहरू नियमित रूपमा सफा र मर्मत गर्ने । चेम्बरका ढकनीहरु राम्ररी लगाइएको सुनिश्चित गर्ने । टयांकी र चेम्बरहरुको भित्र र बाहिर राम्ररी सफा गर्ने ।
- ➤ पानीका धाराहरु सफा गर्ने र खिया लागेका तथा बिग्रेका पाइप तथा फिटिंगसहरु फेर्ने ।
- ➤ सार्वजनिक धाराबाट पाइप जोडेर पानी लिन निषेध गर्ने ।
- ➤ घरभित्र पानीको गुणस्तरको अनुगमन गर्ने र पानीलाई सफा भाडोमा छोपेर राखेको सुनिश्चित गर्ने ।
- ➤ पानी शुद्धिकरणका विधिहरु (उमाल्ने, फिल्टर गर्ने, थिग्याउने र क्लोरिनेशन गर्ने) प्रयोग गरेको सुनिश्चित गर्ने ।






### वातावरणीय, जलवायु-प्रेरित र मानव निर्मित जोखिमहरूको समाधान

**मुहान क्षेत्रको स्तर खस्किने (जस्तै: पहिरो, गल्छी, भूक्षय, खुला चरन, खन फडानी आदि)**

- ➤ बृक्षारोपण गरी वनस्पतहरुको पुनर्स्थापन गर्ने,
- ➤ चरन, दाउरा संकलन, र घाँस काटने कार्यको नियमन गर्ने ।
- ➤ पानीको स्रोत नजिक माटो उत्खनन र सडक निर्माणको कार्यलाई रोक्ने,
- ➤ स्रोत संरक्षणको लागि चेक ड्याम, ग्याबिन पर्खालहरु गउने ।

**मुहान क्षेत्रको स्तर खस्किनु, जलवायु परिवर्तन, वा प्राकृतिक कारणले गर्दा स्रोतको बहावमा कमि**

- ➤ खडेरी प्रतिरोधी वनस्पतीहरु बक्षारोपण गरी पानी प्रतिधारणमा सुधार गर्ने ।
- ➤ तलाव, पोखरी, पुनरभरण खाडल निर्माण गरी पानी पुनरभरणमा सुधार गर्ने ।
- ➤ खेर गएको, वर्षातको र भलको पानी संकलन, भण्डारण तथा पुन:प्रयोग गर्ने कार्यको बदलम्बन गर्ने ।

**सम्पर्क**

**परियोजना सहयोग इकाई:**
अमरगढी नगरपालिका - ५, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल
फोन: +९७७ ९६ ४१०४१३/४१०४१४
ईमेल: info@rvwrmp.org.np
www.rvwrmp.org.np

**सम्पर्क कार्यालय:**
मानभवन, जावलाखेल, ललितपुर, नेपाल
फोन: + ९७७ १ ५५५०६२८/५५४३३०१

RVWRMP

"यो सामग्री युरोपेली संघ र वैदेशिक मामिला मन्त्रालय, फिनल्याण्ड समेतको आर्थिक सहयोगमा उत्पादन गरिएको हो । यसमा व्यक्त गरिएका दृष्टिकोणहरुले युरोपेली संघ वा वैदेशिक मामिला मन्त्रालय, फिनल्याण्डको आधिकारिक धारणा प्रतिबिम्बित गर्दैन ।"

FCG







# खानेपानी सुरक्षा योजना (खा.पा.सु.यो.+++)

## ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण

### सुदूरपश्चिम र कर्णली प्रदेश, नेपाल

GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland